खण्ड ५७ संख्या ४४ नेपाल राजपत्र भाग ५ मिति २०६४।११।६

नेपाल सरकार

# सूचना तथा सञ्चार मन्त्रालयको

## सूचना १

नेपाल सरकारले राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम २२ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको,-

(१) अनुसूची- १(क) को,-

(१) क्रम संख्या १ को,-

(क) खण्ड (क) मा देहायको विवरण थपेको छ :-

"घर नं.
फ्याक्स नं.
नागरिकता लिएको जिल्ला, मिति र नागरिकता नं.
इमेल ठेगाना"

(ख) खण्ड (ख) मा देहायको विवरण थपेको छ :-

"घर नं.
फ्याक्स नं.
इमेल ठेगाना:"

(२) क्रम संख्या ५ मा रहेका "र जनसंख्या" भन्ने शब्दहरु झिकेको छ ।

(३) क्रम संख्या १३ मा रहेका "समय र" भन्ने शब्दहरु झिकेको छ ।

(४) द्रष्टव्यको सट्टा देहायको द्रष्टव्य राखेको छ:-

"द्रष्टव्य: निवेदन साथ देहायको कागजात संलग्न गर्नु पर्नेछ :-

- सम्बन्धित विषयमा अनूभवी तथा ख्याती प्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धनात्मक संस्थाबाट आफूले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा ब्यवसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई तयार गरेको प्रतिवेदन ।

  तर केबुल टेलिभिजन माध्यमद्वारा कार्यक्रम प्रसारण गर्न चाहने निवेदकले मन्त्रालयले तोके बमोजिमको ढाँचाको प्रतिवेदन ।
- प्रसारण संस्था दर्ताको प्रमाणपत्र सम्बन्धित विधान तथा सञ्चालकहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- निवेदन दस्तूर रु.२०००। (दुई हजार) बुझाएको नगदी रसिद वा तोकिएको राजश्व खातामा जम्मा गरेको दोस्रो प्रति भौचर ।
- प्रसारण केन्द्र (Headedd) रहने ठाँउको विवरण र प्रसारण संस्थाको प्रसारण पहुँच देखाएको नक्सा ।
- प्रसारणमा गरिने च्यानेलहरुको संख्या, प्रत्येक च्यानलको नाम, प्रकार (स:शुल्क), (नि:शुल्क) तथा स्याटेलाइट रिसिभरको बिबरणको कागजात ।
- स्याटेलाइट रिसिभर, मोडुलेटर र नेटवर्क डिटेल्स ।
- मन्त्रालयले समय समयमा तोकि दिएको अन्य कागजात ।

(२) अनुसूची -२(क) को;-

(१) क्रम संख्या ८ मा रहेका “र जनसंख्या” भन्ने शब्दहरु झिकेको छ ।

(२) क्रम संख्या ११ मा रहेका “समय र” भन्ने शब्दहरु झिकेको छ ।

(३) क्रम संख्या १४ को सट्टा देहायको क्रम संख्या १४ राखिएको छः-

“१४. राष्ट्रिय प्रसारण ऐन, २०४९ तथा राष्ट्रिय प्रसारण नियमावली, २०५२ मा तोकिएका शर्तका अतिरिक्त मन्त्रालयले समय समयमा तोकी दिएका अन्य शर्तहरुको समेत पालना गरी केवुल प्रसारण गर्नु पर्नेछ ।”

(३) अनुसूची-५ (ख) को, -

(१) क्रम संख्या १ को सट्टा देहायको क्रम संख्या १ राखेको छः-

“१. <u>स्याटेलाइट वा केबुल सम्बन्धी सञ्चार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्नको लागि</u>

| | | |
|---|---|---|
| (क) | काठमाडौं उपत्यकाभर कार्यक्रम प्रसारण गर्नको लागि | रु.५,००,०००।- |
| (ख) | महानगरपालिका क्षेत्रभर कार्यक्रम प्रसारण गर्नको लागि | रु.१,००,०००।- |
| (ग) | उपमहानगरपालिका क्षेत्रभर कार्यक्रम प्रसारण गर्नको लागि | रु.५०,०००।- |
| (घ) | नगरपालिकाभर कार्यक्रम प्रसारण गर्नका लागि | रु.२५,०००। - |
| (ङ) | महानगरपालिकासँग सिमाना जोडिएका प्रत्येक गाउं विकास समितिमा कार्यक्रम प्रसारण गर्नको लागि | रु.१५,०००।- |
| (च) | उपमहानगरपालिकासँग सिमाना जोडिएका प्रत्येक गांउ विकास समितिमा कार्यक्रम प्रसारण गर्नको लागि | रु.१०,०००।- |
| (छ) | दुर्गम र अति विकट गाउं विकास समितिका लागि | रु.१,०००।- |
| (ज) | खण्ड (ङ), (च) र (छ) बाहेकका अन्य प्रत्येक गाउं विकास समितिमा कार्यक्रम प्रसारण गर्नको लागि | रु.५,०००।- |

(२) सोही अनुसूचीमा देहायको द्रष्टव्य थपेको छः-

“<u>द्रष्टव्यः</u>
दुर्गम र अति विकट गाउं विकास समिति भन्नाले ताप्लेजुङ, पाँचथर, तेह्रथुम, भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, रामेछाप, दोलखा, रसुवा, धादिङ, गोरखा, सिन्धुपाल्चोक, संखुवासभा, मनाङ्ग, मुस्ताङ्ग, रुकुम, रोल्पा, डोल्पा, जुम्ला, कालीकोट, मुगु, हुम्ला, जाजरकोट, बाजुरा, बझाङ, अछाम, दार्चुलाका सदरमुकाममा अवस्थित गाउं विकास समिति बाहेकका अन्य गाउंविकास समिति सम्झनु पर्दछ ।”

# सूचना २

नेपाल सरकारले रेडियो (सञ्चार) लाइसेन्स नियमावली, २०४९ को नियम १८ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी केवूल टेलिभिजन प्रसारण संस्थाहरुले राख्ने तथा प्रयोग गर्ने “स्याटेलाइट रिसिभर रेडियो यन्त्र”को लाइसेन्स लिन नपर्ने गरी तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले
(युवराज पाण्डे)
नेपाल सरकारको सचिव